# क्याम्पस आपतकालका चेतावनीहरू

### *WiscAlert* के हो?

*WiscAlert UW-Madison* पुलिस विभागबाट आउने एउटा आपतकालीन सन्देश हो। यसले तपाईँलाई यो बताउँदछ:

- जब क्याम्पसमा आपतकाल आउँदछ
- के भइरहेको छ
- कसरी सुरक्षित हुने

### के *WiscAlerts* मेरो भाषामा छन्?

जब क्याम्पसमा आपतकाल आउँदछ, तब तपाईँले *WiscAlerts* पाउनुहुनेछ।

पहिलो *WiscAlert* अङ्ग्रेजीमा हुन्छ। दोस्रो *WiscAlert* मा अनुवाद गरिएको सन्देशको लागि अन्लाईन लिङ्क हुन्छ:

1. लिङ्कमा थिच्नुहोस्।
2. आफ्नो भाषा चुन्नुहोस (अङ्ग्रेजी, स्पैनिश, मङ्ग, तिब्बती, चिनियाँ, वा नेपाली)।
3. **सामान्य** सुरक्षा सल्लाह र आपतकालको जानकारी पढ्नुहोस्।
4. यो आपतकालामा सुरक्षित रहन तपाईँले के गर्नु पर्दछ भनी बुझ्न आफ्नो सुपरभाईजर वा भरोसा गर्ने अरू कोही व्यक्तिलाई सोध्नुहोस्।

नमूना *WiscAlert* को लागि https://test.alerts.wisc.cloud/m/1/ लिङ्क थिच्नुहोस्।

### मैले *WiscAlerts* कसरी पाउनसक्छु?

तपाईँले *WiscAlerts* ईमेलबाट पाउनुहुनेछ। यदि तपाईँ आफ्नो मोबाईल फोनमा पनि *WiscAlert* को टेक्स्ट मेसेजहरू चाहनुहुन्छ भने **77295** नम्बरमा ***WISCALERT*** लेखेर पठाउनुहोस्।

प्रश्नहरू? सम्पर्क: emergencymgt@mhub.uwpd.wisc.edu

सञ्चार माध्यम बिज्ञप्ति

जनवरी २३, २०२० साल देखि, *UW–Madison* पुलिस विभाग *(UWPD)* ले प्रायः आपतकालहरूको जानकारी विभिन्न भाषाहरूमा पठाउनेछ, ताकि हाम्रो समुदायका सबै सदस्यहरूलाई क्याम्पस आपतकालका बारेमा र आपतकाल भएमा सुरक्षित रहने कुराहरू थाहा होस्।

जब *UW–Madison* क्याम्पसमा आपतकालहरू आउँदछन्, *UWPD* ले *WiscAlerts* (आपतकालीन चेतावनी सन्देशहरू) क्याम्पस समुदायलाई पठाउँदछ यदि आपतकालीन अवस्था जारी छ र मान्छेहरूले आफूलाई सुरक्षित राख्न केही गर्न सक्दछन् भने।

अब हामी धेरै जसो हालतमा दुईवटा *WiscAlerts* पठाउनेछौँ। पहिलो *WiscAlert* ले आपतकालको सामान्य जानकारी र सुरक्षा सल्लाह अङ्ग्रेजीमा दिनेछ। हाम्रो समुदायका गैर अङ्ग्रेजी भाषीहरू सम्म पुग्नको लागि दोस्रो *WiscAlert* मा पाँच विभिन्न भाषामा अनुवाद गरिएको सन्देशको लिङ्क हुनेछ। अनुवाद गरिएका सन्देशहरूले आपतकालको बारेमा अरू जानकारीका लागि भरोसा भएको व्यक्तिलाई सोध्ने निर्देशनको साथ सामान्य सुरक्षाको जानकारी दिँदछन्।

अनुवाद गरिएको *WiscAlert* उदाहरणको लागि https://test.alerts.wisc.cloud/m/1/ लिङ्क थिच्नुहोस्।